स्थानीय राजपत्र

# लोहारपट्टी नगरपालिका द्वारा प्रकाशित

खण्डः ०८) लोहारपट्टी जेष्ठ ०४ गते २०८२ साल (
संख्याः०२

भाग-२

लोहारपट्टी नगरपालिका

लोहारपट्टी नगरकार्यपालिकाको कार्यालय,

लोहारपट्टी,महोत्तरी

# महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम संचालन कार्यविधि, २०८२

**प्रस्तावना :-**

नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न मौलिक हकको रुपमा स्थापित गरेकोले संविधान प्रदत स्वास्थ्य सम्बन्धि अधिकारलाई सबै नागरिकले उपभोग गर्न पाउने अवसरको सृजना गर्न जारी भएको राष्ट्रिय स्वास्थ्य नीति २०७६ ले स्वास्थ्य सेवामा स्वयंसेवकको अवधारणलाई विकास गर्दै महिला सामुदायिक स्वास्थ्य स्वयसेविकाको परिचालन तथा व्यवस्थापन स्थानीय तहबाट गर्ने निर्देशन  गरेको छ । नगरपालिका क्षेत्रमा आमा तथा वच्चाको स्वास्थ्य स्तरमा सुधार ल्याउन आवश्यक प्रतिकारात्मक र प्राबर्धनात्मक सेवा पुर्याउन आधारभूत स्वास्थ्य सेवाको सर्वव्यापी पहुँच अभिवृद्धि गर्नका लागि स्वास्थ्य संस्था र समुदायको विचमा बसेर काम गर्न, स्वास्थ्य सम्बन्धि जनचेतना जगाउन तथा नगरपालिका क्षेत्रमा मातृ मृत्युदर, शिशु मृत्युदर तथा वाल मृत्युदरमा आएको कमीमा महिला तथा स्वास्थ्य क्षेत्रको सहस्त्राबदी विकास लक्ष्यमा गरेको प्रगतिमा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको उल्लेखनिय र सक्रिय भूभिकालाई उच्च मूल्याँकन गर्दै समुदायमा सचेतना अभिवृद्धि एवं स्वास्थ्य सेवा प्रवाहको लागि महिला सामुदायिक स्वास्थ्य स्वय सेविकाहरुलाई उत्प्रेरित गर्न आवश्यक देखिएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२)मा दिएको अधिकार प्रयोग गरि लोहारपट्टी नगरपालिका नगरकार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम लोहारपट्टी नगरपालिकाको “महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम संचालन कार्य विधि, २०८२ रहेको छ ।

(२) यो कार्यविधि लोहारपट्टी नगरपालिका नगर कार्यपालिका बैठकले पारित गरेको मिति देखी लागु हुनेछ ।

२. **परिभाष** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) “नगरपालिका” भन्नाले संविधान बमोजिम स्थापना भएको लोहारपट्टी नगरपालिका सम्झनुपर्छ ।

ख) “कार्यविधि” भन्नाले लोहारपट्टी नगरपालिकाको मसिामुदायिक स्वास्थ्य स्वयंसेविका परिचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि, २०८२ सम्झनु पर्छ ।

ग “कार्यपालिका” भन्नाले लोहारपट्टी नगरपालिका नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

घ) “महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका” भन्नाले लोहारपट्टी नगरपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्था र समुदाय स्तरमा स्वास्थ्य सम्बन्धि विभिन्न कार्यक्रममा सहयोग पुऱ्याउन नियमानुसार छनौट भएका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई सम्झनु पर्छ ।

ङ) “स्वास्थ्य संस्था” भन्नाले लोहारपट्टी नगरपालिका अन्तर्गतका प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, र आत्रारभूत स्वास्थ्य केन्द्रलाई सम्झनु पर्छ ।

च) “प्रमुख” भन्नाले लोहारपट्टी नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

छ) “उप प्रमुख” भन्नाले लोहारपट्टी नगरपालिकाको उप प्रमुख सम्झनु पर्छ ।

ज) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले लोहारपट्टी नगरपालिका नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासनकीय अधिकृतलाई सम्झनु पर्छ।

झ) “विदाई” भन्नाले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको रुपमा स्वयंसेवी भावनावाट सेवा गर्न अभिप्रेरित भई मर्यादाका साथ समुदायमा स्वास्थ्य सेवा पुऱ्याइ तोकएबमोजिमको आर्थिक सहयोग सहित स-सम्मानपूर्वक विदाई भई सेवावाट अलग भएको भन्ने सम्झनु पर्छ ।

ञ) “सेवा सुविधा” भन्नाले सँघ, प्रदेश र लोहारपट्टी नगरपालिकाबाट महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई प्रदान गर्न तोकिए वमोजिमको सेवा सुविधा सम्झनु पर्छ ।

**३. कार्यक्रमको उद्देश्यः**

१) नगरपालिका क्षेत्र भित्रका गाउँ, टोल / वस्ती, समुदायमा स्वास्थ्य आमा समूहको माध्यमबाट घर-घरमा स्वास्थ्य सूचनाहरु प्रवाह गरि स्वास्थ्य सेवाको उपयोगमा वृद्धि गर्ने ।

२) नगर क्षेत्रमा स्वास्थ्य सम्बन्धी कार्यक्रमलाई समुदाय सम्म पुऱ्याउन स्वास्थ्य संस्था र समुदायको वीच सम्पर्क व्यक्तिको रुपमा कार्य गर्न ईच्छुक स्वास्थ्य स्वयंसेविकाहरु तयार गर्ने ।

३) स्थानीय स्तरमा स्वास्थ्य सम्बन्धी अत्यावश्यक ज्ञान र सीप प्रदान गरेर स्वास्थ्य समस्या समाधान गर्न महिलाहरुलाई उत्प्रेरित गर्ने ।

४) नगरपालिका स्तरको स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु प्रभावकारी रुपमा निर्धारित समयभित्र लक्ष्य हासिल गर्न स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकार्मिहरुको मूमिका अभिवृद्धि गर्ने ।

५) सामुदायिक स्वास्थ्यको विकासमा समुदायको पहुँच र सहभागिता अभिवृद्धि गर्न ।

## परिच्छेद-२

स्वास्थ्य आमा समूहको गठन, महिला सामुदायीक स्वास्थ्य स्वयंसेविका छनौट, भूमीका, रिक्त, सेवा रद्ध हुने अवस्था, विदाई र संचालन सम्बन्धी व्यवस्था

**४. स्वास्थ्य आमा समुहको गठन प्रकृया :**

१. स्वास्थ्य आमा समूह गठनका लागि समुदायको सहभागितामा, स्थानीय स्वास्थ्य संस्थाको स्वास्थ्य कार्यकर्ताले प्रजनन् उमेरका महिलाहरुलाई समावेश गरि समुदायमा स्वास्थ्य आमा समूहको गठन गर्ने छ । गठित स्वास्थ्य आमा समूहमा एक जना अध्यक्ष र आवश्यकता अनुसार अन्य पदाधिकारीहरु हुनेछ ।

२. स्वास्थ्य आमा समूहमा एउटै टोल / वस्तिका कम्तीमा १५ जना सम्म सदस्य हुनेछन् ।सामाजिक तथा समावेशिकरणमा पछाडी परेका र पारीएका वर्ग समुदायका महिलाहरुलाई स्वास्थ्य आमा समूहमा सहभागीहुन उत्प्रेरित गरिनेछ ।

३. प्रत्येक स्वास्थ्य आमा समूहमा सहभागी मध्येबाट तोकेको योग्यता पुगेका सदस्यहरु मध्येबाट १ एक जना महिला सामुदायिक स्वयंसेविका छनौट गर्नेछ । छनौट भएका स्वयंसेविका स्वास्थ्य आमा समूहको सदस्य सचिवको रुपमा कार्य गर्ने छ ।

**५. स्वास्थ्य आमा समूहको भूमिका :**

१. कार्यविधिमा उल्लेख भए वमोजिम आवश्यक छनौट प्रकृया अपनाई महिला सामुदायिक स्वास्थ्य स्वयसेविका छनौट गर्ने छ ।

२. स्वास्थ्य आमा समूहको वैठक कम्तीमा महिनाको एक पटक वा आवश्यकता अनुसार राख्ने । साधारणतया तथा गाउँ घर किलनिक भएका स्थान र संचालनमा उपयुक्त बैठक वस्ने मिति, समय र स्थान आमा समूहको छलफलबाट तोक्नु पर्ने छ ।

३. स्वास्थ्य आमा समूहको बैठकमा अन्य सरोकारवालाहरुलाई आमन्त्रण गर्ने र छलफलमा सहभागी गराउनेछ ।

४. स्वास्थ्य आमा समूहको वैठकले कम्तीमा वर्षको एक पटक ( आर्थिक वर्षको अन्तमा) महिला सामुदायिक स्वास्थ्य

स्वयंसेविकाहरुबाट भए गरेको कामको समिक्षा गर्नका लागि समीक्षा बैठक वस्नु पर्नेछ । बैठकको समिक्षात्मक निर्णयको जानकारी समूहको अध्यक्षले सम्बन्धित स्वास्थ्य संस्थालाई गराउने छ ।

**६. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका छनौटका लागि योग्यता :**

(१) स्वयंसेविका छनौटको लागि देहायको योग्यता हुनु पर्छ ।

क) सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका भई काम गर्ने इच्छुक महिला सम्बन्धित वडाको टोल वस्तीको समुदाय मा नै स्थानीयरुपमा वसोवास गर्ने स्वास्थ्य आमा समूहको सदस्य रहेको हुनुपर्ने छ ।

ख) कम्तीमा ५ वर्ष सम्म स्वयंसेवी भई सेवा गर्न ईच्छुक रहेको प्रतिवद्धता गरेको हुनु पर्नेछन् ।

ग) सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका हुनको लागि उमेर २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको महिला हुनु पर्ने छ ।

घ) विवाहित महिला र समाजिक समावेशिकरणमा पछि परेका र पारिएका वर्ग समूदायका महिलालाई प्राथमिकता दिईनेछ ।

ङ) एस.एल.सी.SLC वा SEE उतिर्ण गरेको हुनुपर्ने ।

च) सरकारी तथा गैर सरकारी संस्थाको वैतनिक पदमा वहाल नभएको हुनु पर्नेछ ।

छ) राजनैतिक पदमा वहाल नरहेको वा जनप्रतिनिधि नभएको हुनु पर्ने छ ।

७. **स्वयंसेविका छनौटको प्रक्रिया** : (१) स्वयंसेविकाको पद रिक्त हुन गएमा तपसिलको प्रक्रिया अपनाई छनौट गर्नु पर्ने छ ।

क) रिक्त रहेको स्थानको आमा समूहको भेला बोलाउने ।

ख) आमा समूहको निर्णयबाट योग्यता पुगेका स्वयंसेविकाको सिफारिश सम्बन्धित स्वास्थ्य चौकी वा आधारभूत स्वास्थ्य केन्द्रमा गर्ने ।

ग) स्वास्थ्य केन्द्र प्रमुखले सम्पूर्ण कागजात तथा प्रकृयाहरु जाँचबुझ गरी नगरपालिकामा सिफारिस गर्ने ।

घ) विद्यमान कार्यविधिको परिधिभित्र रही स्वास्थ्य शाखा प्रमुखले प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

ङ) प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश भएको कागजात र प्रकृया सबै नियम सम्मत भएमा नियुक्तिका लागि स्वीकृति दिने ।

**८. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको पद रिक्त हुने अवस्था :**

१. स्वयंसेविकाको भूमिका निर्वाह गर्न अन्चिछुक भई राजीनामा गरेमा ।

२. वैतनिक पदमा बहाल भएमा वा गरेमा

३ अधिकारिक रुपमा राजनैतिक पदमा वहाल रहेमा

४. स्वास्थ्य आमा समूहको वैठक विना सूचना लगातार ३ पटक सम्म नराखेमा वा अनुपस्थित भएमा ।

५. शारीरिक असक्ताका कारण काम गर्न असमर्थ भएमा,

६. कानूनी रुपमा फौजदारी अभियोग लागेमा,

७. स्थायी वसोवास रहेका स्थानवाट वसाई सराई गरी अन्यत्र गएमा ।

८. स्वयंसेविकाले गर्नुपर्ने तोकिए वमोजिमको जिम्मेवारी अनुसार काम काज र सेवा सन्तोष जनक नदेखिएको भनि स्थास्थ्य आमा समूहको बैठकको निर्णय र सिफारिश भई आएमा ।

९. मृत्यु भएमा ।

**९. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको सेवा रद्द गरिने :** (१) स्वयेसेविकाका सेवा देहायका अवस्थामा रद्द गरिनेछ ।

क) स्वयंसेवि भावना तथा आचरण बमोजिम कार्य नगरेको पाइएमा ।

ख) भ्रष्टाचार, अनुशासनको उल्ङघन तथा नैतिक पतन देखिने कार्य गरेमा ।

ग) जनप्रतिनिधि भई वा कर्मचारी रुपमा कहि कतैबाट दैनिक ज्यालादारी करार, र स्थायी नियुक्ती भई सेवा सुविधा वा तलव पाइरहेको देखिएमा ।

**१०. कार्य सेवा अवधि :**

१. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको कार्य सेवा अवधि उमेर हद ६० वर्ष हुनेछ ।

२. यदि कसैले ६० वर्षको उमेर पछि पनि स्वयंसेविकाको रुपमा स्वयंसेवा गर्न चाहेमा संघ, प्रदेश सरकार र नगरपालिबाट उपलब्ध हुने कुनै प्रकारको सेवा सुविधाहरु प्रदान गरिनेछैन ।

**११. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको भूमिका :**

१. स्वास्थ्य आमा समूहको नियमित बैठक राख्न समूहको अध्यक्षलाई सहयोग गर्ने । यसरी बैठक वोलाउँदा, सबै सदस्यहरुलाई भौगोलिक हिसावले पायक पर्ने ठाउँमा राख्न व्यवस्था मिलाउने ।

२. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले स्वास्थ्य आमा समूह माध्यम द्वारा आफनो कार्यक्षेत्रका समुदायका घर-घरमा स्वास्थ्य कार्यक्रम सम्बन्धि सचेतना अभिवृद्धि गर्ने तथा उपलब्ध स्वास्थ्य सेवाको उपयोग बढाउने सहयोगी कृयाकलाप गर्ने छन् ।

३. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले समुदाय स्तरमा परिवार नियोजन, सुरक्षित मातृत्व, किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य, नवजात शिशु स्याहार, खोप कार्यक्रम, पोषण कार्यक्रम, सरुवा तथा महामारी रोगहरु, श्वास प्रश्वास तथा झाडा पखाला रोकथाम तथा नियन्त्रण, मानसिक स्वास्थ्य तथा नसर्ने रोगहरुको रोकथाम, वातावरणीय सर-सफाई, विपद् व्यवस्थापन,आयुर्वेद लगायतका विषयहरुमा स्वास्थ्य शिक्षा दिनको साथै राष्ट्रिय, प्रादेशिक तथा नगरपालिकाको स्वास्थ्य अभियानमा सहयोग गर्नुको साथै नगरपालिका र स्वास्थ्य संस्थाबाट तोकिएको वमोजिमको अन्य भूमिका निवार्ह गर्ने छन् ।

४. स्वयंसेविकाहरुले आफनो तोकिएका कार्य वमोजिम गरेको कृयाकलाप सम्बन्धि मासिक तथा वार्षिक प्रतिवेदन स्वास्थ्य आमा समूह तथा सम्बन्धित स्वास्थ्य संस्थालाई जानकारीको लागि पेश गर्नु पर्ने छ ।

५. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले आवश्यकता अनुसार स्वास्थ्य सेवाको उपयोगमा वृद्धि गर्नको लागि स्वास्थ्य संस्थामा प्रेषण गर्नेछन् ।

६. स्थानीय स्तरमा स्वास्थ्य सम्बन्धी जोखिमहरुको पहिचान गरी त्यसको न्यूनीकरणमा सहयोग गर्नु पर्नेछन् ।

७. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले पालना गर्नु पर्ने आचारसहिता अनुसूची-१ वमोजिम हुनेछ ।

**१२. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको संख्या निर्धारण :**

१) सामान्यतया १००० (एक हजार) जनसंख्याको लागि एक जना स्वयंसेविका रहने छन् । तर हाल लोहारपट्टी नगरपालिका अन्तर्गत स्वास्थ्य सेवामा कार्यरत रहेका कुल महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका संख्या ४५ जना यथावत रहनेछ ।

२) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुखले तोकेको स्वास्थ्य तर्फका कर्मचारी

३) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रमको सम्पर्क व्यक्ति हुने छ।

**१३. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको तालिम तथा क्षमता अभिर्वद्धि**

१. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यरत रहेको स्थान कुनै कारणले रिक्त भएमा नयाँ छनौट भएका स्वयंसेविकालाई निर्धारित पाठयक्रम अनुसार आधारभूत तालिमको व्यवस्था गरिनेछ ।

२. स्वास्थ्य सम्बन्धि नयाँ कार्यक्रमहरु तथा आवश्यकता अनुसार स्वास्थ्य कार्यक्रमहरुको तालिम, पुनर्ताजगी तालिम, अनुशिक्षण,

अभिमुखिकरण गोष्ठी र अनुगमन तथा समीक्षा वैठक संचालन गरी स्वयंसेविकाहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

३. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचालन गर्ने तथा उनीहरुको कामको अनुगमन मूल्याकन गर्ने जिम्मेवारी स्थानीय स्वास्थ्य संस्था प्रमुखको हुनेछ ।

**१४. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको विदाई :**

१. कम्तीमा १० वर्ष सम्म स्वयंसेविकामा काम गरेका र नागरिकताको आधारमा ६० वर्ष उमेर पुगेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई कदर-पत्र सहित स-सम्मान विदाई गरिनेछ ।

२. न्यूनतम ५ वर्ष स्वयंसेविका भई सेवा गरिसकेका महिला सामुदायिक स्वास्थ्य स्व्यंसेविकाको असायमिक निधन भएमा संघ, प्रदेश सरकारले तोकिए वमोजिम विदाई रकम वाहेक नगरपालिकावाट तोकिए वमोजिम विदाई रकम निजको हक वालालाई उपलब्ध गराउने छ ।

३. कम्तीमा १० वर्ष सेवा अवधि पुरा गरि विदाई भएका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई कार्यरत रहदा उपलब्ध सेवाहरुलाई नगरपालिकाबाट निःशुल्क रुपमा प्रदान गर्न निरन्तरता दिनेछ ।

## परिच्छेद-३

## सेवा सुविधा सम्बन्धि व्यवस्था :

१५. **सेवा तथा सुविधा :**

क) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले सेवा गरे वापत कुनै पनि किसिमको मासिक तलव परिश्रमिक तथा अन्य सुविधा पाउन दावी गर्न पाउने छैन् । तर संघ तथा प्रदेश सरकारले तोके वमोजिमको पोशाक भत्ता, यातायात खर्च र प्रोत्साहन भत्ता लगायत अन्य भत्ता उपलब्ध गराउन सक्नेछ ।

ख) उपदफा (क) मा जुन सुकै कुरा लेखिएको भएतापनि स्वयंसेविकाले मासिक रुपमा आमा समूहको वैठक संचालन, स्वास्थ्य संस्थाको मासिक वैठकमा उपस्थिति, खोप क्लिनिक तथा गाउँ घर क्लिनिक संचालन, मासिक यातायत सुविधा तथा समुदायमा स्वास्थ्य सम्बन्धी कार्यमा सहयोग जस्ता कृयाकलापमा उत्प्रेरणाको लागि नगरपालिकाबाट अनुसूची-२, वमोजिमको सेवा सुविधा उपलब्ध गराइनेछ ।

ग) कम्तीमा १० वर्ष सम्म स्वयंसेविका भई काम गरेका र नागरिकताको आधारमा ६० वर्ष उमेर पुगेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई विदाई गर्न प्रोत्साहन स्वरुप सुखमय जिवनका लागि नगरपालिका वाट अनुसूची-२ वमोजिम एक मुष्ट आर्थिक सहयोग वापत सुविधा दिइनेछ ।

घ) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सहित ५ जना सम्मको परिवारलाई प्रति वर्ष स्वास्थ्य बीमा उपलब्ध गराउन लाग्ने वीमा खर्च कार्यपालिकाको निर्णयानुसार उपलब्ध गराउने छ ।

ङ) उपदफा (क), (ख), (ग), (घ) मा जुन सकै कुरा लेखिएको भए ता पनि  दफा ९ वमोजिम सेवा मुक्त वा रद्द भएको अवस्थामा कुनै प्रकारको सेवा सुविधा उपलब्ध गराइने छैन् ।

## परिच्छेद-४

## विविध

**१६. सामुदायिक स्वास्थ्य कार्यक्रममा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मीहरुको भूमिका :**

१) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई तालिम तथा क्षमताको अभिविद्ध गर्ने ।

२) कार्यक्रम तथा आवश्यकता अनुसारको आपूर्ति व्यवस्थापन गर्ने ।

३. प्रत्येक महिनामा एक पटक महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको बैठक राख्ने, उनीहरुको ज्ञानलाई अधावधिक गर्न आवश्यक अनुशिक्षण कार्यक्रम गर्ने र मासिक प्रदिवेदन संकलन गर्ने ।

४. स्वास्थ्य आमा समूहको नियमित वैठकमा उपस्थित भई समसमायिक स्वास्थ्य सम्बन्धी विषयमा जानकारी आदान-प्रदान गर्ने र सहयोग गर्ने ।

५. प्रत्येक ६/ ६ महिनामा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको समीक्षा बैठक गर्ने ।

६. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको व्यक्तिगत विवरण अधावधि गर्ने ।

७. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको स-सम्मान विदाईका लागि सहयोग गर्ने र उक्त विवरण सम्बन्धित निकायहरुमा जानकारी गराउने ।

**१७. कार्यक्रमको योजना तथा अनुगमन :**

१) महिला सामुदायिक स्वास्थ्य स्वयसेविका सम्बन्धी कार्यक्रम तर्जुमा, कार्यावन्यन, अनुगमन मूल्याङ्न तथा समिक्षा गरि कार्यक्रम प्रभावकारी वनाउन नगरपालिका स्तरमा उप प्रमुखको संयोजकत्वमा देहाय वमोजिमको नगरस्तरीय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका समिति रहनेछ ।

१. उप प्रमुख - संयोजक

२. नगरपालिका भित्रका सामाजिक विकास समितिका संयोजक ... सदस्य

३ नगरपालिका भित्रका योजना शाखा प्रमुख - सदस्य

४.समितिका अध्यक्षले मनोनित गरेका सिमान्तकृत, सामाजिक समावेशिकरणमा पछिपरेका वा पारीएका लक्षित वर्ग समुदायको प्रतिनिधी -१ जना - सदस्य

५. महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाको १ जना प्रतिनिधि - सदस्य

६. स्वास्थ्य संग सम्बन्धित संघ संस्थाको प्रतिनिधि १ जना -सदस्य

७. नगरपालिका भित्रका स्वास्थ्य संयोजक - सदस्य सचिव

**१८. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका अनुगमन समितिको कार्य :**

१. यस समितिले निम्नानुसारको कार्य गर्नेछ ।

क) समितिले कम्तीमा ६ महिनामा एक पटक महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम वारे छलफल गर्ने छ।

ख) यस समितिले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सम्बन्धि कार्यक्रमको तर्जुमा, कार्यन्वयन, अनुगमनमा स्वास्थ्य संस्था र सरकारवालाहरु बीच समन्वयन र मदत गर्ने छ ।

ग) समितिले कार्यविधि अनुसार कार्य भए नभएको एकिन गरि स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति, स्वास्थ्य कर्मि तथा महिला सामुदायिक स्वास्थ्य स्वय सेविकाहरुलाई आवश्यक निर्देश दिइनेछ ।

घ) आवश्यकता अनुसार आर्थिक व्यवस्थापनको लागि पहल गर्नेछ।

ङ) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको विदाई लगायत स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रमको सहजीकरण गर्न तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कोषको अनुगमन गर्न मदत गर्ने छ ।

**१९. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको समिक्षा बैठक :**

क) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम सम्बन्धी क्रियाकलापहरुको समीक्षा गर्न तथा भावी योजना तर्जुमा गर्न

प्रत्येक स्वास्थ्य संस्थाहरुमा हरेक ६ महिना (सम्भव भए सम्म मङसिर र जेठ महिनामा ) अर्ध वार्षिक योजना तथा कार्यक्रम सम्बन्धि समीक्षा बठैक संचालन गरिनेछ ।

ख) समीक्षा वैठकमा समवन्धित स्वास्थ्य संस्थाका सम्पूर्ण महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु र स्वास्थ्यकर्मिहरुले माग लिनेछन् । सम्बन्धित स्वास्थय संस्थाका प्रमुखले समीक्षा बैठक संचालन गर्नु पर्ने छ ।

ग) समीक्षा वैठकमा समसामायिक स्वास्थ्य कार्यक्रमहरुको विषयमा छलफल गर्ने, महिला सामुदायिक स्वास्थ्य सवयंसेविकाबाट सम्पादित कार्यको समीक्षा गर्ने, चालु र भाबी योजना मार्थी छलफल गर्ने, स्वास्थ्य समस्याको पहिचान र समाधान गर्ने, वार्ड राजिष्टर पुनरावलोकन गर्ने, स्वास्थ्य सम्बन्धि तथ्याङ्क नियमित गर्ने जस्तै (मातृमृत्यु, नवजात शिशु मृत्यु, परिवार नियोजन सेवा पाईरहेका दम्पती संख्या) उनीहरुलाई सहयोगात्मक पृष्ठपोषण दिनुका साथै अत्यावश्यकीय सर-समानको आपूर्ति गरिनेछ ।

घ) समीक्षा बैठकमा महिला सामुदयिक स्वास्थ्य स्वयसेविका कोषको अभिवृद्धि तथा परिचालनको वारेमा पनि छलफल गर्नुपर्नेछ ।

ङ) समीक्षा बैंठकमा स्वास्थ्य संस्था प्रमुखले सम्वन्धित वडा प्रमुख वा निजको प्रतिनिधि, वडा सदस्य तथा स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिका सदस्यलाई आमान्त्रित गर्न सक्ने छन् ।

२०. उत्प्रेरणा :

क) आ.व. २०६६।०६७ देखि अन्तरराष्ट्रिय स्वयंसेवक दिवस ( International Volunteer's Day) कै दिन हरेक वर्ष मनाउदै आइ रहेको राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवसलाई निरन्तरण दिइनेछ ।

ख) प्रशंनीय कार्य गर्ने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई नगरपालिकाबाट प्रोत्साहन स्वरुप प्रशंसा-पत्र प्रदान गर्ने, सार्वजनिक समारोहमा अभिनन्दन गर्ने तथा अवलोकन भ्रमणको अक्सर प्रदान गर्ने व्यवस्था गरिनेछ ।

ग) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको परिचयकालागी बनाइएको चिन्ह, वोर्ड, परिचय-पत्र, पोशाकको राष्ट्रिय कार्यक्रम अनुसार नै निरन्तरता दिइनेछ ।

घ) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई सूचना प्रविधिको प्रयोग गरि ज्ञान तथा सिपको अभिवृद्धि अधावधिक गर्न समय सापेक्ष रुपमा विभिन प्रविधिहरुको प्रयोग गरिनेछ ।

**२१. अन्य छुट विषय सम्बन्धी :- यस कार्यविधिमा उल्लेख नभएका वा समावेश नभएका विषय सम्बन्धमा लोहारपट्टी नगरपालिका नगर कार्यपालिकाको निर्णय र प्रचालित कानून वमोजिम हुनेछ ।**

२२. **बाघा अडकाऊ फुकाऊ :-** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै वाधा-उत्पन्न भएमा “राष्ट्रिय महिल सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति, २०६७ (पहिलो संशोधन २०७६) वमोजिम हुनेछ । वा नगरकार्यपालिकाले वाधा अडकाउ फुकाउन सक्नेछ ।

२३. **संशोधन बचाउ तथा खारेजी :**

क) यो कार्यविधि लागु हुनू भन्दा पहिले भए गरेका कामहरु यसै कार्यविधि भए बमोजिम भएगरेको मानिनेछ ।

ख) लोहारपट्टी नगरपालिका नगरकार्यपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन थपघट तथा खारेजी गर्न सक्नेछ ।

(दफा ११ संग सम्बन्धित)

## अनूसूची-१

**महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले पालना गर्नु पर्ने आचार सहिताः**

क) स्वयंसेवी भावले समुदायको स्वास्थ्य अधिकार र पहुँच लाई मूल मन्त्र मानी नैतिकता, ईमान्दारी र उच्च मनोवलका साथ कार्य गर्नेछु ।

ख) आफनो सीप र ज्ञानको उपयुक्त रुपमा सदुपयोग गरि विभिन्न स्वास्थ्य कायक्रममा संलग्न भई समूदायमा स्वास्थ्य सेवाको प्रवर्द्धन गर्नेछु ।

ग) आफु सम्बद्ध स्वास्थ्य आमा समूह प्रति इमान्दारी तथा जवावदेही प्रति प्रतिवद्ध भई पूर्ण रुपमा कार्य गर्नेछु ।

घ) स्वयसेवकको भावना र मर्मलाई कार्यगत रुपमा उतारी समुदायको स्वास्थ्य र भलाईको प्रवद्धर्न गर्नेछु ।

ङ) सिकेका ज्ञान र सिपको समुचित प्रयोग गरि जनसमुदायलाई स्वास्थ्य संस्था तथा गाउँ घर क्लिनिकबाट स्वास्थ्य सेवा लिन उत्प्रेरित गर्ने तथा स्वास्थ्य प्रवद्धन गर्न लगाउनेछु ।

च) समुदाय सँगको व्यवहारमा सधै विनम्र रुपमा सहयोगी हुनेछ ।

छ) सेवाग्रहीको गोपनियता कायम राख्नेछु ।

ज) आर्जित ज्ञान र सीपलाई व्यक्तिगत फाईदाको लागी प्रयोग गर्ने छैन् ।

झ) समुदाय, आमा र शिशुको उत्थानमा आफनो हृदय देखी नै लाग्निेछु ।

ञ) स्वास्थ्य आमा समुहलाई सशक्तिकरण गर्न तथा स्वास्थ्य सेवा सुदृढ गर्न आवश्यक प्रयास गर्नेछु ।

ट) महिला सामुदायिक स्वास्थ्य स्वयसेविका कोषको भावना र मर्म अनुसार यसको दिगोपन र प्रयोगमा सहभागी हुनेछु ।

ठ) समुदाय तथा व्यक्तिको मान्यता र संस्कृतिलाई आदर गरि पक्षपात रहित सेवा दिनेछु ।

ड) स्वास्थ्य क्षेत्रमा संचालित अभियान कार्यक्रममा सक्रिय रुपले सहभागि हुनेछु ।

ढ) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले पालना गर्नु पर्ने नीति, नियमको पालना गर्नेछ ।

ण) नगरपालिका र अन्तर्गत संचालित स्वास्थ्य कार्यक्रमलाई प्राथमिकता साथ सम्पन्न गर्नेछु ।

त) कुनै पनि सेवामा तलव सुविधा पाउने गरी नियुक्त भएमा महिला स्वास्थ्य स्वयंसेविकाको उत्तरदायित्वबाट स्वतः वहिरर्गमन हुनेछु ।

थ) जात लिङ्ग, धर्म, भाषा र उमेर, शरिरिक सक्षमता, राजनैतिक विचारधारा तथा मान्यताले मेरो कार्यमा वाधा पर्ने छैन भनि विश्वास दिलाउछु ।

द) अधिकारिक कार्यक्रमहरु हुदाँ आफनो राजनैतिक विश्वास र आस्था वारे प्रचार-प्रसार गर्ने छैन् ।

# अनुसूची-२

## दफा १५ सँग सम्बन्धित

## महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले पाउने सुविधा

| सि.नं. | सुविधा सम्बन्धि विवरण | वर्ष/महिना/ पटक | दर | कैफियत |
|---|---|---|---|---|
| १. | मासिक वैठक एवं खोप लगायत कार्यक्रमको लागि यातायात खर्च | वार्षिक | १२००० | सर्शत अनुदान तर्फ |
| २. | पोशाक भत्ता : | वार्षिक | १०००० | सर्शत अनुदानतर्फ |
| ३. | प्रोत्साहन भत्ता : | वाषिक | | कार्यपालिकाको निर्णय वमोजिम |
| ४. | महिला स्वास्थ्य स्वयंसेविकाको सम्मान जनक विदाई स्वरुप आर्थिक सहयोग | | | |
| क) | १५ वर्ष सम्म सेवा गरेकालाई | १ एक पटक | २५००० | |
| ख) | १५ वर्ष भन्दा बढी सेवा गरेकालाई | १ एक पटक | ५०००० | |

| | | | | |
|---|---|---|---|---|
| ५. | कार्यविधिको परिच्छेद ३ को दफा १५ को उपदफा (ख) वमोजिम कार्य वापतको सुविधा | मासिक | ३००० | उल्लेखित कार्य वापत नगरपालिकावाट दिइरहेको सुविधाका लागि नगर सभाबाट शिषकमा बजेट नियोजन भए सम्म |

आज्ञाले
बदरुल अंसारी
प्रमुख प्रसाशकीय अधिकृत